# गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति मा २०७९/०५/२४ मा स्वीकृत ।

## आ.व. २०७९/०८०

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा, नेपाल

## खण्ड-एकः परिचय तथा उद्देश्य

### १.१ परिचयः

प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घ र स्थानीय तहसँग समन्वय गरी आफ्ना कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।यस प्रदेशमा सञ्चालित शैक्षिक संस्थाहरुमा शैक्षिक पूर्वाधार विकास एवम् स्तरउन्नती, शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास तथा विद्यार्थी केन्द्रित शैक्षिक क्रियाकलाप सञ्चालन, सूचना प्रविधिको विस्तार कार्यमा योगदान पुऱ्याई सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सार्वजनिक शिक्षालाई अभिभावक तथा विद्यार्थीको रोजाइको थलो बनाउन प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रूपमा कार्यान्वयन गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ र गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को अधिनमा रही गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयन गरिएको छ ।

### १.२ उद्देश्यः

क) शैक्षिक सुधारका लागि स्वीकृत गरिएका कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयन मार्फत शिक्षामा पहुँच र समयानुकूल शैक्षिक सुविधा विस्तार गर्ने,

ग) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरियता कायम गर्ने,

घ) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

### १.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड,२०७५ एवम् गण्डकी प्रदेश सरकारद्वारा जारी कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागु हुनेछ ।

### १.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

१. हरेक कार्यक्रमको तयारी तथा कार्यान्वयन गर्नु पूर्व यस मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने मुख्य जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ ।

३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम सञ्चालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ ।

४. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्र र सम्बन्धित निकायबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरिनेछ ।

६. कार्यक्रम सञ्चालन गर्दा तोकिएको चौमासिक भित्र सञ्चालन गर्नु पर्नेछ।

७. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।

८. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७९/८० को पूर्ण पालना गर्नुपर्नेछ । सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नुपर्नेछ ।

९. यस मापदण्ड बमोजिम गठन हुने समितिको बैठक, खाना खाजा व्यवस्थापन, यातायात खर्च, आवास व्यवस्थापन, दैनिक भ्रमण खर्च, मापदण्ड निर्माणका क्रममा खर्च हुने खाना, खाजा, बैठक लगायत आवश्यकता अनुसारका कार्यका लागि बजेट व्यवस्थापन गर्न बाधा पुग्ने छैन ।

१०. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिए तापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

११. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

१२. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१३. कार्यक्रम कार्यान्वयनका लागि संस्था छनौट गर्दा चालु आ.व. मा दोहोरो नपर्ने गरी छनौट एवम् कार्यान्वयन गर्नुपर्ने छ । तर विपद्का कारण पुगेको क्षति न्यूनीकरण, छात्रवृत्ति व्यवस्था र न्यून सिकाइ उपलव्धी भएका विद्यालयमा सञ्चालन गरिने अतिरिक्त कक्षाको सन्दर्भमा कार्यक्रम तथा बजेट ब्यवस्था भएको कार्यक्रमको हकमा दोहोरो परेको मानिने छैन ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

## खण्ड- दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

### २.१ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन गत आ.व.को भुक्तानी समेत

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | केन्द्र/विद्यालय | ५१ | १०२०० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्रारम्भिक बालविकास कक्षाको मूल उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई कक्षा -१ का लागि तयार गराउनु हो । बाल विकास कक्षाको पाठ्यक्रम निर्माण गर्दा शारीरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक पक्षहरुको विकास गर्ने उद्देश्य राखिएको छ। बालवालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गर्न उनीहरुलाई खेल्दै सिक्ने वातावरणको सृजना गर्नका लागि कक्षाकोठामा पर्याप्त शैक्षिक सामग्री व्यवस्थापन गर्न जरुरी छ । स्थानीय स्तरमा निर्मित सामग्रीहरु र वजारबाट खरीद गरिएका सिकाइ सामग्रीहरुको व्यवस्थापन र प्रयोगबाट रमाइलो वातावरणमा जीवनोपयोगी सीप सिकाउने र बालवालिकाको स्वास्थ्य तथा सुरक्षासँग सम्वन्धित वैयक्तिक तथा सामाजिक सीप विकास गर्ने एवम् गत आ.व. २०७८/७९ को भुक्तानी समेत गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | वालविकास केन्द्रमा सिकाइ सामग्रीहरुको व्यवस्था र प्रयोगबाट रमाइलो वातावरणमा वालवालिकाको सर्वाङ्गिण विकास र कक्षा १ का लागि तयारी गराउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय र छनौटमा परेका वालविकास केन्द्र/विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | • बालविकास केन्द्रको प्रस्ताव मूल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>• बालविकास केन्द्र शैक्षिक सामग्री व्यवस्थापन अनुदान<br>• गत आ.व. मा कार्यक्रम सम्पन्न भई फाइल पेश गरेको तर भुक्तानी हुन बाँकी रहेको विद्यालयलाई भुक्तानी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | प्रारम्भिक बालविकास केन्द्रहरुको सिकाइ सामग्री व्यवस्थापन गर्न आवश्यक भएका विद्यालयहरु/समुदायमा आधारित वालविकास केन्द्रहरुसँग १५ दिनको |

| शीर्षक | विवरण |
| --- | --- |
| | सार्वजनिक सूचना प्रकाशन गरी अनुसुची- १ को ढाँचामा प्रस्ताव माग गरिनेछ ।<br>**प्रस्ताव माग गर्दा देहाय बमोजिमका विद्यालय/वालविकास केन्द्रहरुसँग प्रस्ताव माग गरिनेछः**<br>• बालविकास केन्द्र वा आधारभूत विद्यालयमा बालविकास केन्द्र सञ्चालन भएका विद्यालयहरु,<br>• आ.व. २०७८/०७९ मा प्रदेश सरकार राजस्व र समानीकरण अन्तर्गतको कार्यक्रम तथा बजेटमा बालविकास केन्द्रको स्तरोन्नती कार्यका लागि बजेट व्यवस्था नभएका वालविकास केन्द्र/विद्यालयहरु,<br>विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अनुसूची-२ बमोजिम मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्ने ।<br>प्रस्तावहरुको मूल्याङ्कन एवम् छनौट कार्यका लागि मन्त्रालयमा तपसिल बमोजिमको एक समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख - संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा-सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, अनुसन्धान तथा तथ्याङ्क शाखा - सदस्य सचिव<br>प्रस्ताव छनौटः प्रस्ताव छनौट समितिले प्राप्त प्रस्तावहरुको आवश्यकता अनुसार अनुगमन एवम् प्रस्तावहरुको अध्ययन गरी प्रस्ताव मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ ।<br>गत आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत प्रारम्भिक वालविकास केन्द्रमा आवश्यक पर्ने सिकाइ सामग्री पहिचान र स्पेसिफिकेशन बमोजिम छनौट भएका बालविकास केन्द्र/विद्यालयहरुले सिकाइ सामग्री व्यवस्थापन गर्नुपर्नेछ ।<br>**अनुदान रकमको सिमाः** प्रति विद्यालय दुई लाख रुपैंयाका दरले अनुदान उपलव्ध गराउने ।<br>अनुदान उपलव्ध गराउन सकिने कार्यक्रमहरुः<br>• प्रारम्भिक बालबिकास केन्द्रको बसाइ व्यवस्थापन सुधार (प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, मार्गदर्शक पुस्तिका, २०६७) |

| शीर्षक | विवरण |
|---|---|
| | • कक्षाकोठामा विषयगत कुनाहरुको निर्माण,<br>• विद्यार्थी सङख्याको अनुपातमा आवश्यक शैक्षिक सामग्री थप गर्न ।<br>• अनुदान रकमको कम्तीमा ८० प्रतिशत रकम शैक्षिक सामग्री व्यवस्थापनका लागि लगानी गर्नुपर्नेछ ।<br>छनौटमा परेका विद्यालयका लागि अभिमुखिकरण कार्यक्रमः<br>प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान प्राप्तीका लागि स्वीकृत भएका बालविकास केन्द्रहरुका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>**प्रस्तावका साथमा विद्यालयहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**<br>○ अनुसूची १ को ढाँचामा प्रस्तावपत्र<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>○ सम्बन्धित स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>○ विद्यालय/केन्द्र व्यवस्थापन समितिबाट स्वीकृत लागत अनुमान<br>○ स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>गत आ.व. २०७८/०७९ मा कार्य सम्पन्न भई भुक्तानी हुन नसकेको विद्यालयले प्रस्ताव पेश गर्नुपर्ने छैन । |
| ६. अपेक्षित उपलव्धी | • वालविकास केन्द्रको व्यवस्थापन पक्षमा सुधार भई वालवालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन समिति/केन्द्र/कक्षा व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• सिकाइ सामग्री व्यवस्थापनको फोटाहरु<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्वन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयहरु |

## २.२ आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | ५० | १०००० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना तथा स्थापना भएका प्रयोगशालाहरुमा नपुग सामग्रीहरुको थप व्यवस्थापन गरी व्यवस्थित प्रयोगशालाको रुपमा स्तरोन्नती गर्न आवश्यक छ । प्रयोगशालामा नवीनतम् प्रविधि र सामग्रि समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु, छनौटमा परेका विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि व्यवस्थापन<br>• विद्यालय अनुदान |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत १५ दिनको म्याद राखि प्रस्ताव आव्हान गर्ने । प्रस्तावपत्रको ढाँचा अनुसुची- ३ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्दा देहाय बमोजिम विद्यालयहरु छनौट गर्नुपर्ने छ । |

| शीर्षक | | विवरण |
|---|---|---|
| | | १. आधिकारिक निकायवाट सम्वन्धित तहको अनुमति स्वीकृति प्राप्त गरी कक्षा १-८ सञ्चालित विद्यालय,<br>२. चालु आ.व.मा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त नगरेका विद्यालयहरु,<br>३. अनुदान सिफारिस गर्दा अनुसुची-४ बमोजिमको न्यूनतम आधार पुगेका विद्यालयहरु मध्ये भौगोलिक रुपमा समेटिने गरी सिफारिस गर्नुपर्नेछ,<br>४. गत आ.व. २०७८/७९ मा प्रदेश सरकारबाट प्रयोगशाला सुदृढीकरण/स्थापनाका लागि अनुदान उपलव्ध भएका विद्यालयहरुले प्रस्ताव पेश गर्न पाइने छैन् ।<br>**अनुदान रकमको सिमाः** प्रयोगशाला स्थापना/स्तरोन्नती कार्यका लागि प्रति विद्यालय २ लाख रुपैंयाका दरले अनुदान उपलव्ध गराइने छ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यान्वयन अभिमुखिकरण सञ्चालन<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत “आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना अनुदान कार्यक्रम कार्यान्वयनका लागि स्पेशिफिकेशन, २०७८” बमोजिम सामग्री तथा प्रयोगशाला व्यवस्थापन गर्नुपर्नेछ । |
| ६. | अपेक्षित उपलव्धि | • विद्यालयका प्रयोगशालाहरु स्थापना एवं सुदृढ हुनेछन । |
| ७. | विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• प्रयोगशाला व्यवस्थापनका फोटाहरु<br>• अनुगमन प्रतिवेदन |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

### २.३ न्यून सिकाइ उपलब्धि भएका विज्ञान, गणित र अङ्ग्रेजी विषय (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम गत आ.व. को भुक्तानी समेत

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | ७५ | ७५०० | सबै चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | सामुदायिक विद्यालयमा अध्ययनरत विभिन्न कारणले अपेक्षित शैक्षिक उपलव्धी हासिल हुन नसकेका विद्यार्थीहरुको शैक्षिक उपलव्धीस्तर अभिवृद्धिका लागि विद्यालय समयका अतिरिक्त समयमा पनि थप कक्षा सञ्चालन गरी सिकाइ हुन नसकेका विषयवस्तुहरुलाई शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गर्न अवश्यक छ। विद्यार्थीहरुमा विशेष गरी अंग्रेजी, गणित र विज्ञान जस्ता विषयमा न्यून सिकाइ उपलव्धी हुने भएकाले उक्त विषयहरुको सिकाइ उपलव्धी वृद्धि गर्न र गत आ.व. २०७८/७९ देखि हालसम्म नियमित अतिरिक्त कक्षा सञ्चालन भई आएका तर भुक्तानी बाँकी रहेका विद्यालयको समेत रकम भुक्तानी गर्न समावेश भएको यस कार्यक्रमलाई सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीमा बोझिलो विषयको रुपमा नहेरी रुचीको विषयको रुपमा विकास गर्नु ।<br>• अंग्रेजी, गणित र विज्ञान विषयमा शैक्षिक उपलव्धी दर बृद्धि गर्नु । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र विद्यालयहरु |
| ४. | बजेट वाँडफाँट | • अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षकका लागि प्रति महिना प्रति शिक्षक प्रोत्साहन रकमः १८०००।—(प्रति महिना ६ हजारका दरले)<br>• विद्यालयका लागि मसलन्द व्यवस्थापनः ४०००।- एकमुष्ठ<br>• स्थानीय तहका लागि अनुगमन यातायात खर्च- ३०००।— (३ पटकका लागि)<br>• कार्यक्रम व्यवस्थापन/संयोजन खर्च प्र.अ. का लागि- ३०००।— (तीन महिनाका लागि)<br>• गत आ.व. २०७८/७९ मा यस कार्यक्रमका लागि छनौट भई कार्य सम्पन्न गरी कागजात पेश गरेका विद्यालयहरुलाई नियमानुसार भुक्तानी |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | **सूचना प्रकाशनः** न्युन सिकाइ उपलव्धी भएका विद्यार्थीहरुको सिकाइ उपलव्धीस्तर उकास्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयहरुसँग कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने ।<br>प्रस्ताव पेश गर्नेः अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयले सम्बन्धित स्थानीय तहको सिफारिस संलग्न गरी सक्कलै प्रस्ताव मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

| शीर्षक | विवरण |
|---|---|
| | विद्यालय छनौट प्रक्रियाः<br><br>**विद्यार्थी सङ्ख्याः** कक्षा १-१० सम्म ४०० जना विद्यार्थी वा सो भन्दा बढी विद्यार्थी भएको माध्यमिक विद्यालय ( कुनै स्थानीय तहमा ४०० जना अध्ययन गर्ने विद्यालय नभएमा स्थानीय तहले छनौट गरेको न्यून सिकाइ उपलव्धि भएको माध्यमिक विद्यालय)<br><br>अधिकाशं विद्यार्थी विपन्न समुदाय, दलित र जनजाति अध्ययन गर्ने विद्यालय<br><br>**कार्यक्रम सञ्चालन अवधिः**<br><br>• अतिरिक्त कक्षा सञ्चालनको अवधि ३ महिनाको हुनेछ । आ.व. २०७८/०७९ मा कार्यक्रम सञ्चालनका लागि छनौट भई १.५ महिना कक्षा सञ्चालन गरेका विद्यालयहरुले पुनः थप १.५ महिना कक्षा सञ्चालन सञ्चालन गर्नुपर्नेछ भने स्थानीय तहको सहयोगमा विद्यालयले थप अवधिको कक्षा सञ्चालन गर्न सक्नेछ ।<br>• चालु आ.व. मा छनौट हुने विद्यालयले मन्त्रालयसँग सम्झौता भएको मितिले ३ महिना सञ्चालन गर्नुपर्नेछ ।<br>• विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये सिकाइ उपलव्धी न्युन भएका, आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरु छनौट गरी अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गर्नुपर्ने छ ।<br>• विद्यार्थी छनौट गर्दा सोहि कक्षामा अध्यापन गर्ने विषयगत शिक्षकले न्युन सिकाइ उपलव्धी भएका लक्षीत समुहका न्यूनतम २० विद्यार्थी छनौट गर्नुपर्नेछ ।<br>• कक्षा सञ्चालन विद्यालयमा उपलव्ध भौतिक संरचना र विद्यार्थीहरुलाई उपयुक्त समय पहिचान गरी विहान र बेलुकाको समय निर्धारण गरी कक्षा सञ्चालन गर्नु पर्नेछ ।<br>• कक्षा सञ्चालन गर्दा कक्षा ८-१० कक्षा सम्मका विद्यार्थीका लागि सञ्चालन गर्नु पर्नेछ ।<br>• एउटा विषयको एउटा कक्षाका विद्यार्थीका लागि एक दिनमा एक घण्टाको दरले कक्षा सञ्चालन गर्नु पर्ने छ ।<br>• भौतिक रुपमा उपस्थित भई कक्षा सञ्चालन गर्न नसक्ने अवस्था सृजना भएकोमा अनलाईन माध्यमको प्रयोग गरी कक्षा सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ ।<br>• कक्षा मुलतः सम्बन्धित विषयको आधारभुत ज्ञान, सीपका लागि अधिकतम अभ्यास गराउनु पर्नेछ ।<br>• एक जना शिक्षकले कम्तिमा १ घण्टाका दरले कक्षा प्रतिदिन सञ्चालन गर्नुपर्नेछ ।<br>**जिम्मेवारी बाँडफाँडः** |

| शीर्षक | विवरण |
| --- | --- |
| | **विद्यालय व्यवस्थापन समितिः** आफ्नो विदयालयमा अध्ययनरत अंग्रेजी, गणित र विज्ञान विषयमा कमजोर नतिजा भएका बालबालिकाको लागि अतिरिक्त कक्षा सञ्चालन गरी शैक्षिक उपलव्धीस्तर उकास्ने कार्यको लागि विद्यालयमा उपयुक्त वातावरण तयार गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।<br><br>**प्रधानाध्यापकः** कार्यक्रमको सञ्चालन एवम् व्यवस्थापन र मासिक रुपमा सो कार्यको प्रतिवेदन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।<br><br>**शिक्षकः** विद्यार्थीको सिकाई क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि विद्यालयले सोहि विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई अतिरिक्त कक्षा सञ्चालनको जिम्मेवारी प्रदान गर्नु पर्ने छ भने तोकिए बमोजिम अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थीको शैक्षिक उपलव्धीस्तर उकास्नु शिक्षकको दायित्व हुनेछ ।<br><br>**स्थानीय तहः** कार्यक्रम अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र कार्यक्रम कार्यान्वयनको समग्र प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने ।<br><br>**मन्त्रालयः**<br><br>• स्थानीय तहहरुबाट सिफारिस भई आएका न्यून सिकाइ उपलव्धी रहेका विद्यालयहरु छनौट गर्ने<br>• विद्यालयहरुसँग सम्झौता गर्ने ।<br>• बजेट व्यवस्था गर्ने ।<br>• आवश्यकता अनुसार अनुगमन गर्ने ।<br>• कार्यक्रमको समग्र प्रतिवेदन तयार गर्ने ।<br>कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, मूल्याङ्कन छनौट तथा सिफारिस समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. निर्देशक शिक्षा विकास निर्देशनालय — सदस्य<br>३. योजना तथा प्रशासन महाशाखा- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव |

| शीर्षक | विवरण |
|---|---|
| | **सम्झौता एवम् अभिमुखीकरणः** अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि छनौटमा परेका विद्यालयहरुसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| ६. अपेक्षित उपलव्धि | • अंग्रेजी, गणित र विज्ञान विषयमा न्युन सिकाइ उपलव्धी भएका विद्यार्थीहरुको सिकाइ उपलव्धी अभिवृद्धि हुनेछ । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• सम्वन्धित कक्षाको शैक्षिक सत्र २०७८ को विषयगत सिकाइ उपलब्धि विवरण<br>**भुक्तानी मागका लागि पेश गर्नुपर्ने काजजातहरुः**<br>• विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय सहितको माग निवेदन<br>• अतिरिक्त कक्षामा सहभागी भएका विद्यार्थी र शिक्षकको प्रमाणित हाजिरी<br>• नियमानुसार प्रोत्साहन भत्ता बुझेको भरपाई<br>• कार्य सम्पन्न भएको सम्बन्धमा स्थानीय तहको सिफारिस |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय सामाजिक विकास कार्यालयहरु, सम्बन्धित स्थानीय तहहरु |

## २.४ विद्यालयमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रशारण व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १७००० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | कोभिड-१९ लगायतको महामारीका समयमा पनि नियमित सिकाइको अवसर सृजना गरी विद्यार्थीहरुको सिकाइ क्षति न्यूनीकरणका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेका पाठ्यसामग्रीहरुको उच्चतम् प्रयोग गर्नका लागि विद्यालयहरुलाई सक्षम बनाउन गत आ.व २०७८/७९ मा भुक्तानी बाँकीको भुक्तानीका लागि समेतको कार्यक्रमलाई कार्यान्वयन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | निरन्तर सिकाइको अवसर सिर्जना गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सम्बन्धित विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | – गत आ.व. २०७८/७९ मा छनौट भई भुक्तानीका लागि कागजात पेश गरेका विद्यालयहरुलाई भुक्तानी<br>– विद्यालयहरुमा अनलाईन तथा अफलाईन सामग्रीहरु व्यवस्थापन,<br>– ICT ल्याव सुदृढीकरण<br>– शिक्षकको क्षमता विकास,<br>– सेवा परामर्श,<br>– कम्प्युटर मर्मत |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • गत आ.व. २०७८/७९ मा छनौट भई भुक्तानीका लागि कागजात पेश गरेका विद्यालयहरुलाई भुक्तानी गर्ने<br>• सूचना प्रकाशन गरी विद्यालयसँग प्रस्ताव माग गर्ने,<br>• विद्यालयले प्रस्ताव पेश गर्दा विद्यालयको भौतिक, शैक्षिक एवम् सूचना प्रविधिसँग सम्बन्धी जानकारी समेत राख्नु पर्नेछ,<br>• प्रस्ताव मूल्याङ्कन गर्ने,<br>• प्रस्ताव मूल्याङ्कनका लागि मन्त्रालयमा निम्नानुसारको प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति रहनेछ । उक्त समितिले पेश हुन आएका प्रस्तावको मूल्याङ्कन तथा छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गर्नुपर्नेछ ।<br>क) शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>ख) निर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य<br>ग) गण्डकी विश्वविद्यालयको आइ टी कोअर्डिनेटर (IT Coordinator) -सदस्य<br>घ) संयोजकले तोकेको माध्यमिक विद्यालयको प्रधानाध्यापक १ जना- सदस्य |

| | |
|---|---|
| | ङ) शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा अधिकृत-सदस्य सचिव<br>प्रस्ताव मूल्याङ्कन र विद्यालय छनौट सम्बन्धी आधारहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>• छनौट भएका विद्यालयसँग मन्त्रालयले सम्झौता गर्ने<br>• कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरुलाई अभिमुखीकरण सञ्चालन गर्ने,<br>• मन्त्रालयमा गत आ.व. २०७८/७९ मा सूचीकृत परामर्शदाता संस्थासँग सम्झौता गरी विद्यालयले कार्यक्रम सञ्चालन गर्ने,<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धी | • विद्यालयमा रुचीकर एवम् दिगो सिकाइको लागि वातावरण तयार हुने,<br>• शिक्षण पद्धतिको आधुनिकीकरण मार्फत विद्यार्थीमा नवप्रर्वतनको प्रवर्द्धन हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • सम्झौता<br>• सामग्री खरिद गर्ने समितिको निर्णय<br>• आवश्यकता अनुसार कोटेशन<br>• आवश्यकता अनुसार तुलनात्मक तालिका-समितिको बैठकमा<br>• कम दरमा सामग्री खरिद गर्ने संस्थासँग सामग्री खरिद गर्ने निर्णय<br>• खरिद आदेश<br>• बील भरपाई<br>• दाखिला प्रतिवेदन<br>• खर्च भएर नजाने जिन्सीमा चढाएको<br>• समितिको काम सम्पन्न र खर्च अनुमोदनको निर्णय<br>• कार्यक्रमसँग सम्बन्धित फोटोहरु<br>• अनुगमन प्रतिवेदन<br>• निकासाका लागि निवेदन<br>• बैंक खाता सम्बन्धी विवरण<br>• सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमाली, २०६४ ले व्यवस्था गरेका कागजातहरु |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा समाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तहहरु |

# अनुसूची- १
## प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदानका लागि प्रस्ताव पेश गर्ने ढाँचा

**क) विद्यालय सम्बन्धी विवरण**

१. प्रारम्भिक बालविकास केन्द्र/विद्यालयको नामः
२. ठेगानाः सम्पर्क नम्बरः
३. इमेल ठेगानाः
४. सञ्चालित कक्षाः
५. प्रधानाध्यापकको नामः सम्पर्क नम्बरः
६. बालबिकास सहजकर्ताको नामः

**ख) विस्तृत विवरणः**

बाल विकासमा हाल सञ्चालित कक्षा संख्याः

अध्ययनरत बालबालिका संख्याः

| कक्षा | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |

यस पुर्व शैक्षिक सामग्री थप एवम् व्यवस्थापन गरिएको शैक्षिक सत्रः

बालविकास केन्द्रको व्यवस्थापन सुधारमा संलग्न निकायहरु र प्राप्त आर्थिक स्रोत सम्बन्धी विवरणः

**विद्यालय/बालविकास केन्द्रमा उपलव्ध शैक्षिक सामग्रीको विवरण**

| क्र.सं. | सामग्रीको विवरण | संख्या/सेट | विद्यार्थी सङ्ख्याको तुलनामा पर्याप्त/अपर्याप्त |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

थप सागग्री **आवश्यक पर्ने भएमा कारणः**

आवश्यक सामग्रीको विवरण र लागत अनुमानः

| क्रस | सामग्रीको नाम | लागत मूल्य |
|---|---|---|
| | | |
| | | |
| | | |

कार्यक्रम कार्यान्वयनको कार्ययोजनाः

| क्रस | गर्नुपर्ने कामहरु | लाग्ने समय | मुख्य जिम्मेवार |
|---|---|---|---|
| | | | |
| | | | |

कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलव्धीः

प्रस्ताव पेश गर्ने विद्यालय/बालविकास केन्द्रको तर्फबाट

नामः हस्ताक्षरः

पदःप्रधानाध्यापक मितिः

विद्यालयको छापः

## अनुसुची- २

## प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदानका लागि प्रस्ताब मूल्याङ्कनका आधारहरु

| क्रस | आधार | पूर्णाङ्क | प्राप्ताङ्क | व्याख्या |
|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | १० | | २० जना भन्दा माथि भए - १० अङ्क र सो भन्दा कम भए -५ अङ्क |
| २ | भौगोलिक क्षेत्र | १० | | गाउँपालिका भए १० अङ्क, नगरपालिका भए ७ अङ्क |
| ३ | सिकाइ सामग्रीको उपलव्धता | २० | | विद्यार्थी सङ्ख्याको आधारमा सामग्री थप गरी सुधार गर्नुपर्ने भएमा- २० अङ्क, विद्यार्थी सङ्ख्याको आधारमा सामग्रीहरुको उपलव्धता भएमा-१० अङ्क, |
| ४ | प्रस्ताव मुल्याङ्कन | १० | | |
| जम्मा | | ५० | | |

**नोटः** मूल्याङ्कन समितिले २० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यालय/बालविकास केन्द्रलाई अनुदान प्राप्तिका लागि सिफारिस गर्न सक्नेछ ।

**अनुसुची- ३**

**आधारभूत विद्यालय (कक्षा १-८/कक्षा ६-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण**

**अनुदान कार्यक्रम प्रस्तावको ढाँचा**

**१. विद्यालयको विवरणः**

क. नाम

ख. ठेगाना

ग. जिल्ला

घ. अनुमति दिने निकायः कक्षा अनुमति सालः

ङ. प्र.अ. को नाम च. सम्पर्क नम्बरः

छ. इमेल ठेगानाः

ज. सञ्चालित कक्षाः

झ. **कार्यक्रमको संक्षिप्त विवरण**

कार्यक्रमको नाम : आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकण अनुदान

आवश्यक रकम रु. अक्षरमाः

बैङ्कको नाम र शाखाः

खाता नं.

**२. कार्यक्रमसँग सम्बन्धित मुख्य विवरणहरुः**

क) कार्यक्रमको पृष्ठभूमि : (यस पूर्व प्रयोगशाला स्तरोन्नती सम्बन्धी कार्य कहिले, कसको सहयोगमा, कुन कुन कार्यहरु भएका थिए प्रष्ट खुलाउने)

ख) यो आ.व. मा स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरणका लागि अनुदान प्राप्त भएको/ नभएकोः

ग) कार्यक्रमको औचित्य

घ) कार्यक्रमको उद्देश्यः

(घ) कक्षा ४ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको विवरण

| विद्यार्थी | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| छात्रा | | | | | |
| छात्र | | | | | |
| जम्मा | | | | | |

ङ) प्रयोगशाला सुदृढीकरणका लागि विद्यालयले सम्पादन गर्ने कामहरु

च. प्राप्त हुने मुख्य उपलव्धी

**४) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

(क) स्थानीय तहको सिफारिस पत्र

(ख) कक्षा सञ्चालनको अनुमती पत्र

(ग) व्यवस्थापन समितिको निर्णय

घ. विषय शिक्षकको प्राविधिक लागत अनुमान

**५) विद्यालयमा प्रयोगशाला भएमा**

| क्र.सं. | प्रयोगशालामा भएका सामग्री | सेट/संख्या | विद्यार्थी सङ्ख्याको आधारमा पुग्ने/नपुग्ने | थप आवश्यक पर्ने संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रस्ताव पेश गर्ने विद्यालयको तर्फबाट

नामः हस्ताक्षरः

पदःप्रधानाध्यापक मितिः

विद्यालयको छापः

## अनुसुची- ४

## आधारभूत विद्यालय (कक्षा १-८/कक्षा ६-८) मा विज्ञान विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान विद्यालय छनौटका आधारहरु

| क्रसं. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | अनुमति | १० | | प्रति वर्ष १ अंकका दरले बढीमा १० अंक |
| २ | भौगोलिक क्षेत्र | १० | | गाउँपालिका भए १० अङ्क, नगरपालिका भए ७ अङ्क |
| ३ | लागत सहितको कार्ययोजना | १० | | |
| ४ | विद्यार्थी सङ्ख्या | १० | | प्रतिकक्षा औषत ३० जना सम्म भएमा १० र सो भन्दा कम विद्यार्थी भएकोमा ८ |
| ५ | विगत ३ वर्ष यता सोही प्रयोजनका लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त नगरेको सम्बन्धी विवरण | ५ | | कार्यक्रम प्राप्त नभएको भए-५ अङ्क<br>कार्यक्रम प्राप्त भएकोमा-३ अङ्क |
| ६ | समग्र प्रस्ताव मुल्याङ्कन | ५ | | |
| जम्मा | | ५० | | |

नोटः कूल अंक मध्ये न्यूनतम २० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यालयलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

## अनुसूची- ५
## न्यून सिकाइ उपलव्धी अभिवृद्धि गर्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयले प्रस्ताव पेश गर्ने ढाँचा

**क) विद्यालय सम्बन्धी विवरण**

१. विद्यालयको नामः

२. ठेगानाः सम्पर्क नम्बरः

३. इमेल ठेगानाः

४. सञ्चालित कक्षाः

५. प्रधानाध्यापकको नामः सम्पर्क नम्बरः

**ख) विस्तृत विवरणः**

सञ्चालित कक्षा संख्याः

विद्यार्थी संख्याः

| क्रस | आधारभूत तह | | | माध्यमिक तह | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | | | | | | |
| | | | | | | |

२०७८/०७९ को शैक्षिक उपलव्धीः

| क्रस | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान | अंग्रेजी | गणित | विज्ञान |
| | | | | | | | | | |

कार्यक्रम कार्यान्वयनको कार्ययोजनाः

| क्रस | गर्नुपर्ने कामहरु | लाग्ने समय | मुख्य जिम्मेवार |
|---|---|---|---|
| | | | |
| | | | |

कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलव्धीः

प्रस्ताव पेश गर्ने विद्यालयको तर्फबाट

नामः हस्ताक्षरः

पदः प्रधानाध्यापक विद्यालयको छापः मितिः

## अनुसूची-६

**न्यून सिकाइ उपलव्धी अभिवृद्धि गर्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने विद्यालयको प्रस्ताव छनौट गर्ने आधारहरु**

| क्रस | छनौटका आधारहरु | अंक विभाजन | कैफियत |
|---|---|---|---|
| १ | भौगोलिक क्षेत्र | १५ | गाउँपालिका भए १५ र नगरपालिका भए १० अंक |
| २ | स्थानीय तहको सहकार्य | १५ | स्थानीय तहले सहकार्य गर्ने प्रतिबद्धता सहितको सिफारिस भएमा १५ र सिफारिस मात्र भएमा १० अंक |
| ३ | विद्यार्थी सङ्ख्या | २० | कक्षा ८-१० सम्ममा प्रति कक्षा औषत विद्यार्थी<br>४० जना सम्म २० अंक<br>३० भन्दा बढी ४० भन्दा कम भए १५<br>र ३० भन्दा कम विद्यार्थी भएमा १० अंक |
| जम्मा | | ५० | |

कुल अंकको ५० प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई छनौट एवम् सिफारिस समितिले कक्षा सञ्चालन अनुदान प्राप्तिका लागि सिफारिस गर्न सक्नेछ ।